'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ३० मंगलबार ०८ असोज, २०८१ 24 (Tuesday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### साविकको कर्णाली अञ्चलको पहिलो

## मुगु ६५ औ जिल्लाका रुपमा साक्षर घोषणा

• सनत हमाल
मुगु, असोज/०७

हिमाली जिल्ला मुगु ६५ औं जिल्लाका रूपमा साक्षर जिल्ला घोषणा भएको छ । सोमबार एक औपचारिक कार्यक्रमको आयोजना गरी मुगु जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको हो । मुगु जिल्लामा रहेका १ नगरपालिका र ३ गाउँपालिका गरि ४ स्थानीय तह छन । सबै स्थानीय तह यस अघि साक्षर घोषणा भए संगै सोमबार मुगु जिल्ला लाई देशकै ६५ औ जिल्लाका रुपमा साक्षर जिल्ला घोषणा गरीएको छ । छायांनाथ रारा नगरपालिका ९६.२५ प्रतिशत, सोरुमा गाउँपालिका ९६.५ प्रतिशत मुगुमकारमारोङ गाउँपालिका ९५ प्रतिशत र खत्याड गाउँपालिका ९६. प्रतिशत नागरिक साक्षर रहेको तथ्यांक छ । साक्षर हुन तोकिएका सूचकहरु पूरा भएपछि साक्षर जिल्ला घोषणा गरिएको हो । कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, जिल्ला समन्वय समितिका प्रमुख मन्जन बहादुर कार्की, छायांनाथ रारा नगरपालिकाका




नगर प्रमुख बिष्णु कुमार भाम लगायत पालिका प्रमुखहरुले सामुहिक प्रतिवद्धता सहितको हस्ताक्षर ब्यानारमा हस्ताक्षर गदै मुगु जिल्ला लाई साक्षर घोषणा गरेका छून । तोकिएका १२ सूचकहरुमध्ये ५० प्रतिशत सूचक पूरा भए साक्षर पालिका घोषणा गर्न मिल्ने प्रावधान अनुसार छायाँनाथ रारा नगरपालिका लाई गत असोज २ गते खत्याड गाउँपालिका र मुगुमकामारोङ्ग गाउँपालिका लाई असोज ४ गते र सोरुगाउँपालिका लाई असोज ५ गते गरी चार वटै स्थानीय तह साक्षर घोषणा पछि सोमबार मुगु जिल्ला लाई नै साक्षर जिल्ला घोषणा गरिएको छ । नेपालको जनगणना २०७८ अनुसार मुगुमा कुल जनसंख्या ६४ हजार ५ सय ४९ रहेको छ जनसंख्या रहेको छ । जसमा मुगुमा ९५ प्रतिशत नागरिक साक्षर रहेको जनाईएको छ । हस्ताक्षर गर्न सक्ने, सामान्य लेखपढ गर्न सक्ने, मोबाइल तथा क्याल्कुलेटर चलाउन सक्ने, आफ्नो भावनाहरु व्यक्त गर्न सक्ने जस्ता १२ सूचकहरु पूरा भएपछि पालिका तथा जिल्लालाई साक्षर घोषणा गर्ने नीति अनुरुप मुगु जिल्लाको साक्षरता सुचक ५० प्रतिशत भन्दा माथी पूरा भएकाले साक्षर जिल्ला घोषण गरिएको जिल्ला समन्वय समिति मुगुका प्रमुख मन्जन बहादुर कार्कीले बताए । उनका अनुसार गत भाद्र ३० गते जिल्ला सभाको बन्द सत्रमा पालिका हुदै जिल्ला लाई साक्षर जिल्ला घोषण गरीने निर्णय बमोजि मुगु जिल्ला साक्षर जिल्ला घोषणा गरीएको समन्वय प्रमुख कार्कीले बताए । हिजो गाउ घरमा प्रदेशबाट आफन्तहरुले पठाएको चिठी पढनका लागि गाउँ गाउँमा पढेको मान्छे खोज्दै हिडनु पर्ने अवस्था थियो । तर अहिले त्यो अवस्था छैन, महिला दिदी वहिनिहरु कोहि साक्षर थिएनन, कतै बजार तिर जादा सामानहरुको मूल्य अनुसार नगद दिन सक्ने साक्षर थिएनन आज सबै जान्न सक्ने भएका छन नेपाल शिक्षक महासङ्घ मुगुका अध्यक्ष विष्णुमाया भामले भन्नुभयो । कार्यक्रममा भोल्नुहुदै नेपाल पत्रकार महासङ्घ मुगुका अध्यक्ष नृपेन्द्र बहादुर मल्लले साक्षर जिल्ला घोषणा गरिएपनी स्थानिय सरकारहरुले १२ सुचकहरु मध्य ६ सुचक पूरा गरेका छन बाकी रहेका ६ वटा सुचक पनि पूरा गर्न आफ्ना आगामी कार्यक्रम, योजना बनाउदा ध्यान दिन सुझाव दिनुभयो । नागरिक अगुवा रुप बहादुर मल्लले साक्षर घोषणामा मात्र सिमित नराखेर अब देखि आफ्ना व्यवहार, आचरण र कृयाकलापमा पनि साक्षरताको रुप देखाउनु बताए । सामुदायिक स्वास्थ्य इकाइहरु प्रदेश सरकारले गाउँ गाउँ खोलेपनी बजेट नदिदा चलाउन समस्या भएकाले कि बजेटको व्यवस्था गर्न कि खारेज गरिदिनहुन सोरु गाउपालिकाका अध्यक्ष धर्म बहादुर शाहिले कार्यक्रममा उपस्थित सामाजिक विकास मन्त्री घनश्याम भण्डारि मार्फत कर्णाली प्रदेश सरकारलाइ आग्रह गर्नु भयो ।

## दशौं राष्ट्रिय खेलकुद तोकिएको मितिमा नहुने संकेत

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०७

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कर्णाली प्रदेशमा आयोजना गर्न लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी फागुन महिनासम्म सञ्चालन हुने बताएका छन् । जिल्ला प्रशासन कार्यालयमा सोमबार जिल्लाका विभिन्न कार्यालय प्रमुखहरुसँगको छलफलका क्रममा मन्त्री चौधरीले आवश्यक भौतिक पूर्वाधार निर्माणकै क्रममा रहेकाले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि घोषित मितिमा हुन नसक्ने बताएका छन् । '१०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता मङ्सिरमा सञ्चालन गर्ने तय गरेका थियौं, पूर्वाधार निर्माण गर्ने क्रम चलिरहेकाले प्रतियोगिता अब अगामी फागुनमा सञ्चालन गर्छौं', उनले भने । उक्त प्रतियोगिताको तयारीमा जुट्न मन्त्री चौधरीले खेलाडीहरुलाई आग्रह गरे । कर्णाली प्रदेशमा मङ्सिर, पुस र माघ महिनामा अत्यधिक जाडो हुने भएकाले उक्त प्रतियोगिता फागुन महिनामा गर्ने मन्त्रालयले योजना बनाएको उनले बताए ।
'चिसोको समयमा बसोबासको



समेत समस्या हुन्छ, यसलाई ध्यानमा राख्दै फागुनमा चिसो कम हुने भएकाले त्यही बेला राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने योजना बनाएका छौं', मन्त्री चौधरीले भने ।
अहिलेकै अवस्थामा सो प्रतियोगिता गर्ने अवस्था नरहेको उनको भनाइ थियो । यसअघि राष्ट्रिय खेलकुद परिषद्ले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मङ्सिरमा आयोजना गर्ने घोषण गरेको थियो । सो अवसरमा मन्त्री चौधरीले जनताको चाहनाअनुसार सरकारी कार्यालयमा काम काज गर्न कर्मचारीहरुलाई निर्देशन दिए ।
कर्मचारीहरुलाई उनले भने, 'तपाईंहरु समयमै आफनो कार्यालयमा आइदिनुस् र जनताको काम काज गरेर जानुस् ।'आफनो दायित्व निभाएर छिटोछरितो ढङ्गले काम गर्न उनले कर्मचारीहरुलाई निर्देशन दिए।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## हुम्ला फुटबल एकेडेमीद्वारा ३२ विद्यालयलाई फुटबल सहयोग


• नमस्ते समचारदाता
हुम्ला, असोज/०७

हुम्ला फुटबल एकेडेमीले जिल्लाका विद्यालयलाई फुटबल सहयोग गरेको छ। ग्रामीण क्षेत्रका विद्यालय स्तरबाटै फुटबल खेलको विकासमा टेवा पुऱ्याउने उद्देश्यले एकेडेमी प्रत्येक विद्यालयलाई फुटबल सहयोग गरिएको हो । एकेडेमीले जिल्लाका सातमध्ये तीन वटा नाम्खा, सिमकोट र खार्पुनाथ गाउँपालिकाका २३ वटा विद्यालयलाई दुई दुई वटा फुटबल सहयोग गरिएको अध्यक्ष बिष्णु रावतले जानकारी दिए। फुटबल सहयोग पाउनेमा नाम्खा गाउँपालिका- १ को बुद्ध आवि छ भने सिमकोट गाउँपालिकाको मानसरोवर मावि, कैशाल मावि, बालमन्दिर मावि, कैशाल मावि, रामदेव मावि, सैपाल हिमाल मावि, कैशाल बोधी, बिहाली



आवासीय विद्यालय,कालाबिल्ता, भिमसेन, बालविकास, हेड नेपाल, महिला छात्रावास, चाङ्ला, सनसाईन बोर्डिङ, सिद्धार्थ निमावि र सामारा बौद्धिक अपांगता विद्यालय रहेका छन् भने खार्पुनाथ गाउँपालिकाका मान्धारा, सीता, हुम्ला, शंकर मालिका मावि छन्। जिल्लामा फुटबलको विकास विद्यालय स्तरबाटै गराउनका लागि यो सानो सहयोग गरिएको बताउँदै उनले सहयोग सानो भए पनि यसबाट विद्यालयमा अन्य खेल हुने तर फुटबल नभइरहेको अवस्थामा अब फुटबल खेल पनि विद्यालयमा सञ्चालन हुने विश्वास ब्यक्त गरे। हाल १७ वटा विद्यालयमा अध्यक्ष रावत आफै उपस्थित भएर, प्रधानाध्यापक, शिक्षक र वडा अध्यक्ष मार्फत ती फुटबल सहयोग गरिरहेका छन् । बाँकी छ वटा विद्यालयलाई फुटबल दिन बाँकी रहेको र अव चाँडै दिने तयारीमा उनी रहेका छन्। यी फुटबल विद्यालयलाई प्रदान गर्ने कार्यका लागि काठमाडौंमा रहँदै आएका सात जना ब्यक्तिले ब्यक्तिगत रुपमा सहयोग गरिएको कार्यबाट यो संभव भएको हो ।

# किन जटिल हुँदैछ पूर्वप्राथमिक शिक्षा?



प्रविज्ञ रेग्मी

पहिले प्रारम्भिक बाल्यकाल र शिक्षा लाई सहजै लिइन्थ्यो । केटाकेटी लाई हुर्काउनु र सिकाउनु सरल प्राकृतिक क्रममा आउँथ्यो । तर आज यो सबै परिवर्तन भएको छ । अहिले प्रारम्भिक बाल्यकाल र शिक्षा जटिल हुँदै गएको छ । आजभन्दा केही दशक अघिका र हालका पूर्वप्राथमिक तह अनौपचारिक क्षेत्र भए पनि यिनका शैक्षिक पहुँच जटिलतम हुँदैछन् । किन यस्तो भइरहेको छ? यसका निहितार्थ के होलान्? सन्तुलित बालविकास कस्तो हुन्छ? प्रि-स्कुल र बालशिक्षालाई अब सहज रूपमा लिन सकिन्छ वा सकिँदैन? प्रारम्भिक शिक्षाको विषय हाल स्कुलको मात्र प्रत्यक्ष चुनौती रहेन । अहिलेको समाजमा अभिभावकत्व पनि कठिन हुँदै गएको छ र अभिभावकले पनि यी परिवर्तन स्वीकार गर्नुपर्ने दबाब सिर्जना हुँदै गएको छ । त्यस अनुसार कुनै समयमा खासै नसुनिएका अभिभावक शिक्षाका कार्यक्रम पनि क्रमशः देखा पर्न थालेका छन् । यो लेखमा यिनै पेचिला कुराहरूको आधारभूत छलफल तीन पाटाहरूमा गर्नेछु । पहिलो पाटोमा सानो सैद्धान्तिक पृष्ठभूमि छ । भविष्यवादी चिन्तक अल्भिन टोफ्लरको प्रकाशित एक रोचक पुस्तक भविष्यका झट्का (फ्युचर सक) ले समाजशास्त्रसँग ठाडो सम्बन्ध राख्छ। उनी भन्छन् - द्रुत गतिमा परिवर्तन भइरहेका विज्ञान, प्रविधि, सामाजिक गतिशीलता, आर्थिक, सांस्कृतिक परिवर्तनले हामीलाई झट्का दिनेछन् । किनभने, हामीले सोचेभन्दा छिटो र परिवर्तनसँग अनुकूलित हुन नपाउँदै समाजशास्त्रीय गतिले ल्याएको रूपान्तरणले हामीलाई दिग्भ्रमित पार्नेछ । पूर्वप्राथमिक शिक्षालाई यसको एक उदाहरणका रूपमा लिन सकिन्छ । टोफ्लर भन्छन् - यस्ता परिवर्तनहरू भविष्यले गरेका समसामयिक आक्रमण हुन् र यिनलाई हामीले गर्ने प्रतिक्रियाले हाम्रो भविष्य निर्धारण गर्नेछ । मनोवैज्ञानिक युरी ब्रोनफेनब्रेनरको परिस्थितिक प्रणाली (इकोलोजिकल सिस्टम्स थ्योरी) मा भन्छन् - बालबालिकाको विकासलाई उनीहरू रहेको वातावरणका पाँचवटा तहले प्रभावित गर्छन् । पहिलो तहमा परिवार र स्कुलले बालबालिकामा पार्ने प्रत्यक्ष प्रभाव छन् । यी पाँच सामाजिक तहहरूमा सामाजिक, आर्थिक र अन्य बाह्य विश्व सन्दर्भहरूका कारण परिवर्तन आउँछ । यसले गर्दा बालबालिकाका शिक्षाका प्रारूप र अभिभावक दायित्व स्वतः परिवर्तित हुन्छन् । यसले दीर्घकालीन प्रभाव गर्छ, शैक्षिक उन्नयन र मानव विकासमा सघाउ पुर्‍याउँछ । अहिले ती तहको गतिशीलतालाई शिक्षाले विविध पक्षबाट सम्बोधन गर्न खोज्दा पनि पूर्वप्राथमिक शिक्षा जटिल बनेको हुन सक्छ । फ्रबेलको किन्डरगार्टेनबाट सुरू भएको बाल शिक्षा मन्टेसोरी, स्टाइनर, रेजीयो इमिलिया, हाइस्कोप हुँदै परिमार्जित इमर्जेन्ट जस्ता अन्य थुप्रै अवधारणाले पूर्वप्राथमिक शिक्षालाई आम मानिसले सजिलै बुझ्न र समात्न नसकिने बनाएको छ । यसको टुप्पा र हाँगाबिँगा अझै झाँगिदै छन् । यति मात्र होइन, प्रारम्भिक बाल विकासका सिद्धान्त, प्रगतिशील शिक्षामा भइरहेका बृहत् अनुसन्धान, यसबाट प्रकट भएका ज्ञान क्षेत्रले दिएका अनेक विकल्पले पूर्वप्राथमिक शिक्षाको क्षेत्रलाई विस्तृत बनाएको छ । यसबाट पनि जटिलता र व्यावहारिक कार्यान्वयनका चुनौती थपिएका छन् । यसले शिक्षा क्षेत्रमा एक खरो प्रश्न सिर्जना गर्छ - हामीले प्रारम्भिक शिक्षालाई जटिल बनाउनुपर्छ कि सरलीकरण गर्नुपर्छ? यो प्रश्न मैले पाठक समक्ष नै राखें । दोस्रो पाटोमा, हालसम्मका अनुसन्धान र खोजले प्रारम्भिक बाल्यकाल विकास र शिक्षामा निर्क्यौल गरेका आधारभूत विचारहरू र यसको सन्तुलन सम्बन्ध हेरौं । प्रारम्भिक शिक्षालाई चार प्रमुख घटकको सन्तुलन मानिन्छ-शारीरिक, संज्ञानात्मक, भाषिक-सामाजिक तथा भावनात्मक विकास । यदि हामीले कुनै पनि पूर्वप्राथमिक शिक्षाका कार्यक्रमलाई गहिरिएर हेरेमा तिनैलाई फरक किसिमका दर्शन वा दृष्टिकोणका आधारमा संयोजन गरिएको हुन्छ । त्यसैले हरेकका प्रक्रिया, शिक्षणपठन शैली, शिक्षक भूमिका र लक्ष्य फरक हुन्छन् । उदाहरणका लागि, मरिया मन्टेसोरीले बालबालिकाको जिज्ञासा र प्राकृतिक स्वनिर्देशनलाई आधार मानेर शिक्षा दिनुपर्ने बताउँछिन् र त्यसका लागि सही वातावरण निर्माणमा जोड दिन्छिन् । लोरिस मालागुत्जीले प्रवर्तन गरेको रेजियो इमिलियामा बालबालिकालाई उत्सुक र क्रियाशील शिक्षार्थीको छवि मानिन्छ र उनीहरूको अभिरूचि र स्वभाव अनुरूप कार्यक्रम निर्माण गरिन्छ । उनको विख्यात कविता, बालबालिकाका सयौं भाषा (द हन्ड्रेड ल्यांग्वेजेज अफ चिल्ड्रेन) ले यस शिक्षालाई प्रेरित गरेको छ । उपर्युक्त दुइ विश्वमा चलेका शिक्षा कार्यक्रममा भिन्नता भनेको यिनको दार्शनिक पक्ष हो । मन्टेसोरी पहुँच वैज्ञानिक अवलोकन र व्यक्ति विकासमा आधारित छ भने रेजियो इमिलिया सामाजिक निर्माणवाद र सहकार्यमा । त्यसैले यी दुवैका पाठ्यक्रम बनावट, शिक्षक भूमिका र शैक्षिक वातावरण निर्माण फरक ढंगका छन् । रूडोल्फ स्टाइनरको शिक्षा अलि भिन्न छ र यसलाई वालडोर्फ शिक्षा भनेर पनि चिनिन्छ । रेजियो इमिलिया र मन्टेसोरीले बालबालिकाको नैसर्गिक स्वभाव र झुकावलाई शिक्षाको वास्तविक आधार मान्छन् । वालडोर्फले भने उनीहरूलाई आत्मिक सत्ताको स्वरूपमा देख्छ र त्यसैअनुरूप उमेरगत विकासात्मक कार्यलाई आधार राखेर शिक्षण कार्यक्रम बनाउँछ । वालडोर्फ शिक्षामा कल्पनाशीलतालाई प्राथमिकता दिइन्छ । फरेस्ट (वन) स्कुलको अवधारणा पनि रोचक र त्यत्तिकै प्रभावशाली छ । विशेष गरी स्क्यानडिनेभियन देशहरूमा यो प्रचलनमा छ । डेनमार्कबाट सुरू भएको यो प्रणालीले प्रकृतिलाई आधार मान्छ र शिक्षा प्रक्रियालाई निर्दिष्ट गरी कक्षाकोठा भन्दा बाहिर खुला प्रकृतिमा समय खर्चिन लगाउँछ । यस शिक्षामा संज्ञानात्मक क्षमता अभिवृद्धिसहित सामाजिक खुबी, आत्मविश्वास, बालबालिकाको खुसी इत्यादि केन्द्रमा राखिन्छ । यीबाहेक खेलमा आधारित, खुसीपूर्ण सिकाइ र सामान्यीकरण गरिएको किन्डरगार्टेन इत्यादि जस्ता शिक्षण विधिमा आधारित कार्यक्रमहरू पनि अभ्यासमा छन् । यहाँसम्म उल्लिखित अवधारणाहरूले विद्यार्थी केन्द्रित शिक्षण र सर्वांगीण विकासमा जोड दिन्छन् र तिनका विधि प्रयोगमा ल्याउँछन् । यी सबै प्रगतिशील शिक्षाकै विभित्र रूपहरू हुन् । बालविकासका प्रगतिशील अवधारणा र सिद्धान्तलाई आधारमा बनेका थुप्रै फ्रेन्चाइज पनि छन् । व्यापारका लागि बनाइएका यी बालशिक्षाका खाकाहरूको आफ्नो मौलिकता भने लगभग शून्य हुन्छ । यी व्यापारिक प्रतिष्ठानहरूले अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई र स्कुलहरूसँगको सहकार्यबाट भएको अनुभव र विधिशास्त्रका प्रक्रियालाई आधार राखी आफ्नो कार्यक्रम वा पाठ्यक्रमको नामकरण एवं ब्रान्डिङ गर्छन् । पूर्वप्राथमिक स्कुलहरूलाई त्यसैअनुरूप तयारी शैक्षिक योजना आपूर्ति गर्छन् । तेस्रो पाटोमा हाम्रो परिप्रेक्ष्य उल्लेख गर्छु । हामीले पूर्वप्राथमिक स्कुललाई मन्टेसोरीको नामले पनि चिन्छौं । त्यहाँ मन्टेसोरी विशेष सिद्धान्तका अभ्यास नभए पनि विभिन्न किसिमका बाल क्रियाकलापका आधारमा शिक्षण गराएको पाइन्छ । स-साना बालबालिकालाई एक स्वतन्त्र व्यक्तित्वका रूपमा आदर गर्नुपर्ने मान्यताका आधारमा उनीहरूलाई तपाईं वा हजुर भनिएको पनि पाउँछौं । बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा शिक्षित गरिनुपर्छ भन्ने सकारात्मक विश्वास गहिरिँदै गएको पाइन्छ । प्रगतिउन्मुख हाम्रा धेरै पूर्वप्राथमिक स्कुलमा पनि केही मूलभूत समस्या छन् । ती समस्याका जड हाम्रो आफ्नै सामाजिक बनावट र परम्परागत शिक्षा प्रणालीको प्रभाव हुन् । शैक्षिक समस्या मूलतः स्कुलले बालबालिकाका विकासात्मक चरण र आवश्यकतालाई कार्यक्रममा सम्बोधन गर्न नसक्दा उत्पन्न भएका हुन्छन् । यो भनेको माथि उल्लिखित संज्ञानात्मक, शारीरिक, सामाजिक, भावनात्मक र भाषिक चार घटकको सही सन्तुलन नहुनु हो । उदाहरणका लागि, कक्षामा बौद्धिक विकासलाई केन्द्रमा राखेर अभ्यास पुस्तिकामा धेरै काम गराइन्छ । यसले गर्दा शारीरिक विकासका लागि खेलकुदको समय अपर्याप्त हुन्छ । प्रयोगमा आएका विधिहरू मिसमास हुन्छ । सामाजिक-भावनात्मक विकासका पक्ष उपेक्षा गरिन्छ । 'फिनिक्स' मा कम ध्यान दिइने, औपचारिक शिक्षाको तयारीका नाममा रटाएर पढाइन्छ । इत्यादि । यसका साथै परिवर्तित समाज र नयाँ पुस्तामा आज र भविष्यको आवश्यकताको पूर्ण ज्ञान नहुनु पनि हो । हचुवामा विधिहरू मिश्रण गरिए बालबालिकाका विकासात्मक कार्यहरूको सन्तुलित रूपमा सम्बोधन हुँदैन । त्यस्ता पूर्वप्राथमिक शैक्षिक कार्यक्रमले बालविकास अवरूद्ध गर्छन् । अन्तिममा, प्रारम्भिक बालशिक्षाका समन्वयको आधारभूत प्रक्रिया छोटकरीमा उल्लेख गर्छु । यहाँ दिइएका सूचनालाई आधार मानेर त्यसका कार्यान्वयनका विशिष्ट पक्ष अध्ययन गरेर स्पष्ट भएपछि कार्यक्रमलाई पूर्णता दिन सकिन्छ । यी मूलभूत तथ्यहरू मात्र हुन् । बालबालिकाको सर्वांगीण विकासका लागि संज्ञानात्मक, शारीरिक, सामाजिक-भावनात्मक र भाषिक, यी चार घटकलाई मूल आधार राखेरै कार्यक्रम विस्तार गर्नुपर्छ । यसबाट बालशिक्षा 'होलिस्टिक' बन्छ । कार्यक्रमलाई पूर्णता दिन ती घटकका साथै सिर्जनात्मक क्षमता, विचार गर्ने तरिका, समस्या समाधानको खुबी, सांस्कृतिक जागरूकता र सिकाइ दृष्टिकोण जस्ता महत्वपूर्ण पक्ष पनि संयोजन गर्नुपर्छ । सामाजिक-भावनात्मक शिक्षालाई प्राथमिकतामा राखे, भावना पहिचान, स्वनियमका तरिका, सहकार्य र यिनकै नतिजालाई आधार गरेर परिभाषित शिक्षण गर्न सकिन्छ । अनुसन्धानद्वारा प्रमाणित प्रारम्भिक बालशिक्षाका सिद्धान्तको ज्ञान र अभ्यासले पूर्वप्राथमिक शिक्षामा आमूल परिवर्तन आउँछ । यस अन्तर्गत शिक्षक भूमिका, कक्षाकोठाको वातावरण र व्यवस्थापन, क्रमिक बालविकासको ज्ञान, अभिभावकको भागीदारिता, सिकाइ विधि इत्यादि छन् । बौद्धिक र संज्ञानात्मक विकासका लागि साक्षरताको शिक्षा प्रणाली विकास गर्न अत्यावश्यक छ । यसले बालबालिकाको भविष्यको शिक्षाको आधार तयार गर्छ । यसअन्तर्गत भाषा, आधारभूत विज्ञान, सामाजिक ज्ञान र अंकता (नूमेरेसी) पर्छन् । शारीरिक विकासका कार्यक्रमलाई पाठ्यक्रमकै अंशका रूपमा निर्धारण गर्न सकिन्छ । कला, संगीत, सिर्जनशील कार्यहरू र कक्षाकोठा बाहिरका क्रियाकलाप हचुवाका भरमा होइन, पाठ्यक्रमबाट निर्देशित गर्नुपर्छ । यी अवधारणाको व्यावहारिक प्रयोगले बालशिक्षा सन्तुलित र जीवन्त बन्ने छ । अभिभावकले पनि एक तथ्यको जानकारी लिनुपर्छ । प्रभावकारी पूर्वप्राथमिक स्कुल सञ्चालन गर्ने काम चुनौतीले भरिएको र श्रमसाध्य हुन्छ । स्कुललाई सबैको समन्वय र साथ आवश्यक हुन्छ । बालविकासको प्रमुख र संवेदनशील चरणहरू घरमै हुँदै हुँदै माध्यमिक शिक्षासम्म कायम हुन्छ । यो स्कुल र घरको सहकार्यले मात्र ; km aG . *(लेखक प्रविज्ञ रेग्मी न्यू मिलेनियम स्कुल इमाडोल, ललितपुरका संस्थापक प्रिन्सिपल हुन्)*

***-सेतोपाटी***

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# टिआरसी ऐन पीडितमैत्री निगरानीको खाँचो




• नमस्ते समाचारदाता
सुर्खेत, असोज/०७

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (टिआरसी) पास भई ऐनमा परिणत भएकोमा सुर्खेतका सरोकारवालालाई पीडितमैत्री बनेकोमा सन्तोष व्यक्त गरेका छन् । उनीहरूले अब उक्त ऐन कार्यान्वयनमा ल्याउनका लागि ढिलाइ हुने सङ्केत देखिएको हुँदा निगरानीको खाँचोसमेत रहेको औँल्याएका छन् । अन्तर्राष्ट्रिय शान्ति दिवसका अवसरमा सुर्खेतमा आयोजना गरिएको कार्यक्रममा सुर्खेतका द्वन्द्वपीडितको पक्षमा काम गर्ने सरोकारवाला निकायले टिआरसी ऐन पहिलेभन्दा अहिले पीडितमैत्री बनेको र सबै पक्षले यसको छिटो कार्यान्वयनमा निगरानी बढाउनुपर्ने सुझाव दिएका छन् । ऐनमा द्वन्द्वपीडित लाई परिपूरणको कुरा समेटिनु, कोषको व्यवस्था गरिनु, पीडक पत्ता नलागे पनि पीडितलाई अधिकार दिइनु, यातनापीडित र यौन हिंसामा परेकालाई प्राथमिकता दिइनुले पीडितमैत्री बनेको जनाइएको छ । इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले ऐनमा आयोगले सिफारिस गरेको तीन महिनाभित्र राहत दिइनुपर्ने, गम्भीर उल्लङ्घनमा क्षमादान नहुने, आयोगको निर्णयमा चित्त नबुझे विशेष अदालतमा उजुरी दिन सकिने, घटनाको सत्य अन्वेषण गरिने र मिलापत्रमा पीडितको स्वतन्त्र सहमति हुनुपर्ने जस्ता विषय पनि राखिएकाले टिआरसी ऐन पीडितमैत्री बनेको उल्लेख गर्नुभयो । मानव अधिकार रक्षक सञ्जालका प्रदेश संयोजक पीताम्बर ढकालले यो ऐनले १८ वर्षदेखि अलपत्र बनेका द्वन्द्व प्रभावितको समस्या समाधान गर्नेमा विश्वस्त रहेको बताउनुभयो । उहाँले ऐन निर्माण भए पनि यसको ठुलो पक्ष कार्यान्वयन हुने हुँदा सरोकारवाला पक्षले अझ चनाखो हुनुपर्ने बताउनुभयो । साथै ऐनमा निर्माण गर्ने आयोग र यसका पदाधिकारी दलीय भागबन्डामा भन्दा विज्ञताका आधारमा नियुक्ति गर्नुपर्ने सुझाव उहाँले दिनुभयो । मानव अधिकारका लागि महिला एकल महिला समूह सुर्खेतका अध्यक्ष ममता नगालले टिआरसी विधेयक संशोधनका लागि निकै सङ्घर्ष गर्नु परेको स्मरण गर्नुभयो । उहाँले ऐन आउँदैमा धेरै हर्षित नहुन सुझाव दिँदै अब कार्यान्वयनमा द्वन्द्वपीडित थप चनाखो हुन आग्रह गर्नुभयो । उहाँले कानुन धेरै बने पनि नेपालमा कार्यान्वयन पक्ष फितलो हुने गरेको हुँदा निरन्तर खबरदारीको खाँचो रहेको बताउनुभयो । विगतमा उजुरी नदिएको भए अब आयोगले खोलेको समयमा उजुरी दिन छुटेका द्वन्द्वपीडितलाई उहाँले सुझाव दिनुभयो । साथै यौन हिंसापीडितको गोपनीयता राख्नुपर्ने उहाँको भनाइ छ । जिल्ला समन्वय समितिका प्रमुख गङ्गाराम सुनारले सुर्खेत जिल्ला र यहाँका नौ वटै स्थानीय तहमा महिला सुरक्षासम्बन्धी राष्ट्रसङ्घीय बुँदा १३२५ र १८२० को कार्यान्वयन गर्न समितिहरू गठन भइसकेको जानकारी दिनुभयो ।

# सुशासन कायम गर्न प्रदेश सरकारले कठोर निर्णय लिएको छ : मुख्यमन्त्री आचार्य



• नमस्ते समाचारदाता
बुटवल, असोज/०७

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी एमाले लुम्बिनी प्रदेश भित्रका केन्द्रीय सदस्यहरुको दाङको तुलसीपुरमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई आइतबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले नयाँ सरकार बनेको ६० दिनमा सुशासन, जवाफदेहीता र भ्रष्टाचार नियन्त्रणमा प्रतिबद्ध रहेको बताएका हुन् । सुशासनका लागि सरकारले महत्वपूर्ण निर्णयहरु गरेर निर्मम कदमहरु चालेको बताए । 'पूर्वविशिष्ट व्यक्तिको सेवासुविधा खारेज गऱ्यौँ । यो निर्णयले जनतामा आशा जगाएको छ,' उनले भने, 'मुख्यमन्त्री, मन्त्रीहरुलाइ आचार संहिता लगायौं । मुख्यमन्त्री र मन्त्रीहरुलाइ जवाफदेही बनाउने काम गरिएको छ ।' उनले योजना कार्यान्वयनमा देखिएको बेथिति रोक्न प्रतिस्पर्धाबाटबाट योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरेकाले यसले सुशासन कायम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । यस्तै मुख्यमन्त्री आचार्यले चालू आर्थिक वर्षमा विनियोजन भएको बजेट इमानदारी पूर्वक कार्यान्वयन गरिने जानकारी दिए । 'म आर्थिक मामिला मन्त्री हुँदा ल्याएको बजेट हो । चालु खर्च घटाउने र पुँजीगत खर्च बढाउने गरि बजेट ल्यायौँ । त्यहीँ बजेट कार्यान्वयन हन्छ,' उनले भने । चालू खर्चमा २ अर्व २९ करोड घटाउने र पुँजीगत तर्फ १ अर्व ३२ करोड बढाउनेगरी बजेट आएको थियो ।

# सडक अवरुद्ध, यात्रुलाई सास्ती



• नमस्ते समाचारदाता
मुगु, असोज/०७

मुगुको सदरमुकाम गमगढीदेखि सोरु लोकमार्गसम्म विभिन्न ठाउँमा पहिरो खस्दा यातायातका साधन सहज रूपमा आउजाउ गर्न सकेका छैनन्, जसले गर्दा यात्रुले सास्ती पाउन थालेका छन् । गमगढी-सोरु लोकमार्ग अन्तर्गत फुलीदेखि आँसीधारा खोलासम्म विभिन्न स्थानमा पहिरो खसेर सडक अवरुद्ध भएको छ । जिल्लाको पश्चिमी भेगमा पर्ने छायानाथ रारा नगरपालिका-३, फुली देखि सोरु गाउँपालिका-८ को आँसीधारासम्मका विभिन्न स्थानमा सडकको माथिल्लो भागबाट पहिरो खसी सदरमुकाम गमगढी बजारसँग जोडिएको गमगढी-सोरु लोकमार्ग अवरुद्ध भएको हो । पहिरोले बाटो छेक्दा आउजाउमा समस्या भएको गाडीचालक दलबहादुर रोकायाले बताउनुभयो । पहिरोका कारण गमगढीदेखि छायानाथ रारा नगरपालिका-३, फुलीसम्म मात्र सडक सञ्चालनमा आएको छ । उक्त ठाउँदेखि एक घण्टा पैदल हिँडेर यात्रुले सोरु गाउँपालिका-८ को आँसीधाराबाट अर्को गाडी चढी यात्रुले आउजाउ गर्ने गरेका छन् । सोरु गाउँपालिका-८ का स्थानीय दानबहादुर रोकायाले फुलीदेखि आँसीधारासम्मको सडकलाई सम्बन्धित निकायले छिट्टै सडक मर्मत गर्न पहल गरे सहज हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'गमगढी-सोरु लोकमार्गमा आउजाउ गर्ने यात्रुले दुई पटक गाडी चढ्दा एकतर्फी भाडाको एक हजार पाँच सय रुपियाँ भाडा तिर्न बाध्य भएका छौँ ।' सोरु गाउँपालिकाका उपाध्यक्ष केशरजङ्ग शाहीले पालिकाको पहलमा अवरुद्ध सडकखण्डलाई यथाशक्य छिटो सडक खुलाउन पहल गरिरहेको बताउनुभयो । जिल्ला प्रशासन कार्यालयले गमगढी देखि तारापानीसम्म छ सय र सोरुकोटसम्मका लागि एक हजार दुई सय रुपियाँ भाडादर कायम गरेको छ । सोभन्दा बढी भाडा उठाएको खण्डमा पालिकाको कार्यालयमा आई जानकारी गराएमा त्यस्तालाई कारबाही गरिने उहाँको भनाइ छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# स्वास्थ्य चौकीको सेवा प्रभाकारी बनाउन मासिक समीक्षा

• नमस्ते समाचारदाता
हुम्ला, असोज/०७

स्वास्थ्य क्षेत्रमा सेवाग्राहीलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन मासिक समीक्षा कार्यक्रम आयोजना गरिएको छ । गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाका प्रमुखहरुको उपस्थितिमा कार्य प्रगति प्रस्तुतिसहित समीक्षा कार्यक्रम आयोजना गरिएको हो । चार वटा स्वास्थ्य चौकीसहित सिमकोट गाउँपालिकाका सबै स्वास्थ्य संस्थाको मासिक समीक्षा सम्पन्न भएको गाउँपालिका स्वास्थ्य शाखाका संयोजक नरबहादुर भण्डारीले बताए । महिनाभरि गरिएको प्रगति र भोगिएका समस्यामाथि केन्द्रित भएर समीक्षा कार्यक्रम सम्पन्न भएको उनले बताए । विशेष गरी सेवालाई प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन कर्मचारी बीच समीक्षा हुन आवश्यक ठानेरै यो कार्यक्रम आयोजना गरिएको उनले बताए । समीक्षाका स्वास्थ्य संस्था प्रमुखहरुले कार्य प्रगति, तथ्यांक विश्लेषण, समस्या पहिचान, असोजमा गर्नुपर्ने कामको कार्ययोजना, औषधि वितरणको अवस्था खर्च र निकासा, महिनाभरि आफ्नै पहलमा स्वास्थ्यकर्मीले गरेका नवीनतम प्रयासमाथि छलफल भएको थियो ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# धनगढी उपमहानगरमा साढे ३८ करोडको लागतमा आधुनिक पार्क बन्ने



• नमस्ते समचारदाता
कैलाली, असोज/०७

कैलालीको धनगढी उपमहानगर पालिका १ मा साढे ३८ करोडको लागतमा आधुनिक पार्क बन्ने भएको छ। हालको दशरथ भीम उद्यानलाई आधुनिक पार्कको रूपमा विकास गरिने भएको हो। धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले पार्कको डीपीआर तयार गरी धनगढी उप-महानगरपालिकाले विभिन्न दातृ निकायहरूसँग उक्त पार्क निर्माणका लागि प्रस्ताव पेस गरे बमोजिम हाल सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई धनगढीद्वारा पहिलो चरणको काम अगाडि बढाएको जानकारी दिए। पहिलो चरण अन्तरगत सो पार्कको ब्लक १ देखि ब्लक ७ सम्मको भौतिक संरचना निर्माणको लागि ६ करोड ४६ लाख ८८ हजार ६१२ बराबर ठेक्का सम्झौता गरिएको नगरप्रमुख हमालले बताए। पार्कलाई ४ भागमा विभाजन गरी निर्माण थालिएको छ। जसअन्तर्गत बच्चा, वृद्ध, वयस्क र व्यापारिक क्षेत्र विभाजन गरिने बताइएको छ। साथै उक्त क्षेत्रको बाहिरी भागलाई पनि व्यवस्थापन गरी रात्रिकालीन बजार सञ्चालन गर्ने उपमहानगरको तयारी छ।

# हुम्लाको चंखेली गा.पा.का तत्कालीन अध्यक्ष सहित ९ जनाले पाए भ्रष्टाचार मुद्दामा सफाइ

• नमस्ते समचारदाता
हुम्ला, असोज/०७




विशेष अदालत काठमाडौँले हुम्लाको चंखेली गाउँपालिकाका पूर्व अध्यक्ष धनलाल चौलागाईं सहित ९ जनालाई भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ। विशेष अदालतका न्यायाधीशहरू खुशीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले सबै प्रतिवादीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्न प्रमाण नपुग्ने भन्दै सफाइ दिएको हो। योसँगै उनीहरुले भ्रष्टाचारको आरोपबाट हालका लागि उन्मुक्ति पाएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज चंखेली गाउँपालिकाका तत्कालीन अध्यक्ष धनलाल चौलागाई, प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाही, इन्जिनियर रुद्रबहादुर वली, लेखापाल धर्मवीर पल्ली मगर र सब इन्जिनियर हर्कधन बुढाविरुद्ध २०८० चैत १ गते विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको थियो। चंखेली गाउँपालिका वडा नं. ३ स्थित ब्याफु खानेपानी मर्मत योजनाका लागि आब. २०७४/०७५ मा छुट्टाइएको रकम अनियमितता गरेको अख्तियारको दाबी थियो। उनीहरूले नापी किताब बमोजिम काम नभए पनि काम भएको भनी प्रतिवेदन बनाउने र उपभोक्तासम्बन्धी झुट्टा बिल भरपाई तयार गर्ने, चेक गर्ने र टिप्पणीमा सही गर्ने कार्य गरेको अभियोगपत्रमा दाबी गरेको थियो। खानेपानी योजनामा १० लाख ३० हजार दुई सय १७ रुपैयाँ अनियमितता भएको भन्दै अख्तियारले सोही बराबर बिगो, जरिवाना र भ्रष्टाचार निवारण ऐन अनुसार कैदको माग दाबी गरेको थियो। अख्तियारले उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर बुढा, सचिव रतन बुढा र कोषाध्यक्ष बिरकुल्ली बुढालाई पनि प्रतिवादी बनाएको थियो।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# दशौँ राष्ट्रिय खेलकुद तोकिएको मितिमा नहुने खेलकुदमन्त्रीको भनाइ

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०७



युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कर्णाली प्रदेशमा आयोजना गर्न लागेको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी फागुन महिनासम्म सञ्चालन हुने बताएका छन्। जिल्ला प्रशासन कार्यालयमा सोमबार जिल्लाका विभिन्न कार्यालय प्रमुखहरु सँगको छलफलका क्रममा मन्त्री चौधरीले आवश्यक भौतिक पूर्वाधार निर्माणकै क्रममा रहेकाले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि घोषित मितिमा हुन नसक्ने बताएका छन्। १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता मङ्सिरमा सञ्चालन गर्ने तय गरेका थियौँ, पूर्वाधार निर्माण गर्ने क्रम चलिरहेकाले प्रतियोगिता अब अगामी फागुनमा सञ्चालन गर्छौँ', उनले भने। उक्त प्रतियोगिताको तयारीमा जुट्न मन्त्री चौधरीले खेलाडीहरुलाई आग्रह गरे। कर्णाली प्रदेशमा मङ्सिर, पुस र माघ महिनामा अत्यधिक जाडो हुने भएकाले उक्त प्रतियोगिता फागुन महिनामा गर्ने मन्त्रालयले योजना बनाएको उनले बताए। चिसोको समयमा बसोबासको समेत समस्या हुन्छ, यसलाई ध्यानमा राख्दै फागुनमा चिसो कम हुने भएकाले त्यही बेला राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने योजना बनाएका छौँ', मन्त्री चौधरीले भने। अहिलेकै अवस्थामा सो प्रतियोगिता गर्ने अवस्था नरहेको उनको भनाइ थियो। यसअघि राष्ट्रिय खेलकुद परिषद्ले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मङ्सिरमा आयोजना गर्ने घोषण गरेको थियो। सो अवसरमा मन्त्री चौधरीले जनताको चाहना अनुसार सरकारी कार्यालयमा काम काज गर्न कर्मचारीहरुलाई निर्देशन दिए। कर्मचारीहरुलाई उनले भने, 'तपाईंहरु समयमै आफनो कार्यालयमा आइदिनुस् र जनताको काम काज गरेर जानुस्।' आफनो दायित्व निभाएर छिटोछरितो ढङ्गले काम गर्न उनले कर्मचारीहरुलाई निर्देशन दिए।

# किरिया बसेका एक जना व्यक्ति बलात्कार आरोपमा पक्राउ

• नमस्ते समचारदाता
डोटी, असोज/०७

डोटीमा आमाको किरिया बसेका एक जना व्यक्ति बलात्कार आरोपमा पक्राउ परेका छन्। आर्दश गाउँपालिका-६ का ३८ वर्षीय लाल रैकाललाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय



डोटीका निमित्त प्रमुख डीएसपी भीमलाल भट्टराईले जानकारी दिए। उनलाई आइतबार दिउँसो इलाका प्रहरी कार्यालय आर्दशको टोलीले पक्राउ गरेको हो। डीएसपी भट्टराईका अनुसार रैकालले ३१ भदौमा २० वर्षीया युवतीको घाँटी थिचेर जबरजस्तीकरणी गर्दै ३० हजार रुपैयाँसमेत लुटेको आरोप छ। स्रोतकाअनुसार घटनापछि फरार भएका रैकाल शनिबार राति आमाको मृत्यु भएपछि दाहसंस्कारका लागि आइतबार बिहान मात्र घर आएका थिए। आमाको दाहसंस्कार सकेर किरिया बसेको अवस्थामा रैकाललाई प्रहरीले पक्राउ गरेको हो। उनलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर अनुसन्धान अघि बढाइने प्रहरीले जनाएको छ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके